नेपाल सरकार
# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:-
चलानी नं.:-

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

मितिः २०८०।४।१४

## प्रेस विज्ञप्ति

मिति २०८०।४।१४ गते आईतबारका दिन माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवज्यूको अध्यक्षतामा सातै प्रदेशका विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यूहरू, सचिवज्यूहरू एवम् प्रतिनिधिज्यूहरू, स्थानीय तह तथा सरोकारवालाहरूको समुपस्थितिमा संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको खानेपानी तथा सरसफाइ विषयगत समितिको बैठक सम्पन्न भयो ।

उक्त बैठकमा मूख्यतः सुख्खाग्रस्त क्षेत्र (तराईमा भूमिगत पानीको सतह घट्दै गएको तथा पहाडमा सतही श्रोतको पानी सुक्दै गएको कारण) मा खानेपानी समस्या समाधान उपयुक्त विकल्प/उपाय, तीनै तहबाट कार्यान्वयन भईरहेका/हुने खानेपानी तथा सरसफाई योजनामा दोहोरोपना हटाउने र नियमित रिपोर्टिङ तथा खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउने विषयहरूमा छलफल भई सबै प्रदेशहरू तथा स्थानीय तहबाट महत्वपूर्ण राय तथा सुझाबहरू प्राप्त भएका छन् ।

तीनै तहका सरकारहरूको समन्वय तथा सहकार्यमा मात्र खानेपानी तथा सरसफाई क्षेत्रका दिगो विकास लगायतका क्षेत्रगत लक्ष्यहरू हासिल गर्न सकिन्छ । जलवायू परिवर्तन तथा विविध कारणले हाल देखिएका खानेपानी सम्बन्धी समस्याहरू समाधान गर्नु, तराई- मधेश लगायतका जिल्लाहरूमा आर्सेनिकमुक्त सुरक्षित खानेपानी वितरण गर्नु राज्यको अभिभारा हो । यसका निम्ति राज्यको तीनै तहको सरकारको भूमिका महत्वपूर्ण हुने हुँदा तीनै तहका सरकारको आवश्यक समन्वय, सहकार्य तथा सहजीकरणका साथ कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

यस बैठकले विषयगत समितिमा प्रस्तुत विषयवस्तुमा व्यापक छलफल तथा राय सुझाव संकलन गरी संलग्न अनुसारको निर्णय सर्वसम्मतले गरेको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

.............................
(प्रवक्ता)

मीना श्रेष्ठ
सह-सचिव

**निर्णयहरू:**

**निर्णय नं. १**- हाल विविध कारणले तराई मधेश क्षेत्रमा भूमिगत पानीको सतह घटिरहेको र पहाडी जिल्लाहरूमा सतही पानीको श्रोत सुकिरहेको सन्दर्भमा तत्काल समस्या समाधानका लागि अधुरा तथा विभिन्न कारणले सञ्चालन हुन नसकेका आयोजनाहरूको सबै प्रदेशहरूको सहयोगमा तथ्यांक संकलन गरी खानेपानी मन्त्रालयलाई विवरण उपलब्ध गराउन र उक्त आयोजनाहरू तत्काल सञ्चालनमा ल्याउन संघीय सरकार र प्रदेश सरकारले आपसमा पहल एवम् समन्वय गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. २**- जलवायु परिवर्तन तथा विविध कारणले बढ्दै गईरहेको खानेपानी समस्याको समाधनका निम्ति सबै तहबाट भूमिगत पानीको उपयोगको नियमन, श्रोत संरक्षण र पुनर्भरणलाई प्राथमिकतामा राखी कार्यक्रमहरूमा जोड दिने निर्णय गरियो ।

**निर्णय नं. ३**- आयोजना कार्यान्वयनमा दोहोरोपना हुन नदिन, प्रभावकारी अनुगमन गर्न तथा नियमित रिपोर्टिङ गर्नका लागि संघीय खानेपानी मन्त्रालय तथा सातै प्रदेशका विषयगत मन्त्रालयका योजना शाखा प्रमुखबीचको संयन्त्र निर्माण गरी त्रैमासिक रूपमा रिपोर्टि गर्ने । मन्त्रालयले तयार गरेको online portal “NWASH-MIS” मा तथ्याङ्क प्रविष्ट गर्न खानेपानी मन्त्रालय र सबै प्रदेशको विषयगत मन्त्रालयबीच Memorandum of understanding (MOU) गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.** ४- खानेपानी तथा सरसफाई ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम कार्यक्रम तथा आयोजनामा तीनै तहको जिम्मेवारी तथा दायित्व सम्बन्धमा तीन तहको सरकारहरूको आफ्नो क्षेत्राधिकारमा पर्ने खानेपानी तथा सरसफाईका आयोजनाहरू सम्बन्धित तहबाट कार्यान्वयन गर्ने र सम्भब नभएमा स्थानीय तहको सिफारिसको आधारमा प्रदेश सरकारले र प्रदेश सरकारको सिफारिसमा संघीय सरकारले उक्त आयोजनाहरूको कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ५- खानेपानी तथा सरसफाई ऐन, २०७९ लगायत स्वीकृत मापदण्डका प्रावधानहरूको पूर्ण पालना तथा कार्यान्वयनको लागि सबै प्रदेशहरूमा गोष्ठी तथा वैठक सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ६- संघीय ससर्त अनुदान मार्फत सञ्चालन भईरहेका कार्यक्रम/आयोजनाको संघ र प्रदेशको समन्वयमा नियमित अनुगमन गर्ने । संघीय खानेपानी मन्त्रालयको अगुवाईमा सबै प्रदेशहरूको संलग्नतामा वार्षिक रूपमा क्षेत्रगत समिक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ७- संघीय मन्त्रालयले खानेपानी मन्त्रालयको सट्टा " खानेपानी तथा सरसफाई मन्त्रालय" को नाम प्रस्ताव गरेकोमा सबै प्रदेशबाट सो प्रस्तावमा समर्थन गर्दैं आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा उल्लेख भए अनुसार राष्ट्रिय सरसफाइ तथा स्वच्छता अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न संघीय खानेपानी मन्त्रालय तथा सबै प्रदेशका विषयगत मन्त्रालयहरूको आपसी समन्वयमा कार्यक्रमहरू तर्जुमा गर्ने निर्णय गरियो ।